लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) तथा ५ ( ४ ) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित

## आ.व. २०८२/८३ (बि.सं. २०८३ वैशाख देखि २०८३ असार मसान्त सम्म )

### १. निकायको प्रकृति र स्वरूप

राज्यमा शासकीय प्रणालीको पुर्न संरचना भए संगै तत्कालिन जिल्ला कृषि विकास कार्यालयहरुको खारेजी पश्चात प्रदेश सरकार मातहत रहने गरी बाँके र बर्दिया कार्यक्षेत्र हुने गरि २०७५ भाद्र २८ गते कृषि ज्ञान केन्द्र, बाँकेको विधिवत उद्घाटन भई कार्य प्रारम्भ भएको हो । तत्कालिन जिल्ला कृषि बिकास कार्यालयको परिसरमा यस केन्द्र रहेको छ । जिल्ला कृषि बिकास कार्यालयहरुको खारेजी पश्चात व्यवसायिक उत्पादकहरुलाई विज्ञ सेवा प्रवाह गर्न र स्थानीयतहका कृषि प्राविधिकहरु लाई कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजिकरण र क्षमता विकासमा टेवा पुर्याउने सन्दर्भमा कृषि ज्ञान केन्द्रको भुमिका महत्वपुर्ण ठानिएको छ । बर्दिया जिल्लामा साबिक जिल्ला कृषि विकास कार्यालयको भवनमा जिल्ला सम्पर्क केन्द्र स्थापना गरी स्थानीय कृषकको सहजताका लागी सोहि सम्पर्क केन्द्रबाट कार्य सन्चालन हुदै आएकोमा २०७७ साल श्रावन २१ गते देखि विधिवत रुपमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय स्थापना भए देखि कृषि ज्ञान केन्द्र, बाँकेले बाँके जिल्लामा मात्र कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । कृषकलाई विशेषज्ञ सेवा प्रदान, कृषि व्यवसायको विकास सम्बन्धी टेवा, केन्द्रीय र स्थानीयतहहरुसंग समन्वय, जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन तथा जिल्ला स्तरीय तथ्यांक अद्यावधिक गर्ने कार्यहरु यस केन्द्रले गर्दै आएको छ ।

### २. निकायको काम र कर्तव्य

- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षण संचालन गर्ने,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परिक्षण सम्वन्धि सामान्य प्रयोगशाला सेवा,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यबसायीहरुको लागी कृषिसँग सम्बन्धित विशिष्टीकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,
- प्रदेश अन्तर्गत संचालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दूको रुपमा कार्य गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने
- कृषि आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने, कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान स्थल ( Outreach site ) को रुपमा कार्य गर्ने, वीउ विजन तथा उन्नत नश्लको लागी श्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धि कार्य,
- वहु स्थानीय तह समेटि कार्यान्वयन हुने संघीय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्र भित्रका पकेट, व्लक, जोन तथा सुपरजोनहरुको लागी प्राविधिक सेवा टेवा,

विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)


Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

- एग्री इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना, मूल्य अभिवृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि स्नातक तथा जे.टी./ जे. टी. ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागी इन्टर्नसिप कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै संकलित तथ्यांक प्रदेश र संघिय तालुक निकायहरुमा पठाउने ।
- आफ्नै कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागी व्यवसाय विकास सेवा उपलब्ध गराउ
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

## ३. निकायमा रहने कर्मचारी विवरण

कार्यालयको सांगठनिक संरचना




यस कार्यालयको स्वीकृत दरवन्दी १७ जनाको रहेकोमा हाललाई पदपूर्ति भएको पद, कार्यरत कर्मचारीको विवरण तथा परामर्श सेवाका करार कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ;

| क स | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | विनोद घिमिरे | कार्यालय प्रमुख | शिवराज न.पा. ५, कपिलबस्तु |
| २ | सुजिता शर्मा | वरिष्ठ कृषि प्रसार अधिकृत | शिवराज न.पा. ५, कपिलबस्तु |
| ३ | तीर्थ बहादुर खड्का | बागवानी विकास अधिकृत | मधुबन न.पा. ६, वर्दिया |
| ४ | खडक बहादुर बस्नेत | कृषि प्रसार अधिकृत | मधुबन न.पा. ९, वर्दिया |
| ५ | कमल रेग्मी | बाली अधिकृत | घोराही उ.म.न.पा १५, दाङ्ग |
| ६ | पृथ्वीनारायण थारु | लेखापाल | ठाकुरबाबा न.पा ४, वर्दिया |
| ७ | टिकाराम अधिकारी | खरिदार | बढैयाताल गा.पा. २, वर्दिया |
| ८ | खेमराज चौधरी | ह.स.चा | राप्तीसोनारी गा.पा.४, बाँके |
| ९ | जगतराम गोडिया | कार्यालय सहयोगी | नेपालगंज उ.म.न.पा २२, बाँके |
| १० | जनक बहादुर नाथ | कार्यालय सहयोगी | जुनिचाँदे गा.पा २, जाजरकोट |
| ११ | भगेलु लुहार | कार्यालय सहयोगी | डुडुवा गा.पा २, बाँके |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

परामर्श सेवाका करार कर्मचारीहरु

| क्र.स | कर्मचारीको नाम, थर | तह/श्रेणी | पद |
|---|---|---|---|
| १ | श्री खड्क खत्री | चौथो | नायव प्राविधिक सहायक |
| २ | श्री अंग राज बुढा | चौथो | नायव प्राविधिक सहायक |
| ३ | श्री धनराज रावत | चौथो | नायव प्राविधिक सहायक |
| ४ | श्री भुवन प्रसाद पन्त | चौथो | नायव प्राविधिक सहायक |
| ५ | श्री रत्ना कुमारी तिरुवा | चौथो | नायव प्राविधिक सहायक |
| ६ | श्री मसुद खाँ | श्रेणी विहिन | माली |
| ७ | जानकी गोडिया | श्रेणी विहिन | स्वीपर |

## ४. निकायबाट प्रदान गरिने सेवा र शाखा सम्बन्धी विवरण

| सि.नं. | सेवा सुविधाहरुको विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया/पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क | लाग्ने सयम | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी/शाखा |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| २ | कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक/आर्थिक सहयोग | सम्बन्धित सूचनामा माग भए अनुसार | निःशुल्क | सूचनामा तोकिए अनुसार | सूचनामा तोकिए अनुसार |
| ३ | प्राविधिक कर्मचारी तथा कृषकको क्षमता अभिवृद्धि | आवश्यकता अनुसार/लक्ष्य अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ४ | तालिम तथा गोष्ठीमा कृषक सहभागी गराउने (प्रदेश/जिल्लास्तर) | सम्बन्धित कार्यालयको माग अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ५ | आकस्मिक बाली संरक्षण सेवा | लिखित/मौखिक | निःशुल्क | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |
| ६ | बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र | बीउ विजन व्यवसायी एवं अनुगमन निर्देशिका, २०७३ को दफा ३ अनुसारका कागजात | रु. ४००/- | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |
| ७ | बीउ विजन बिक्रेता अनुमतिपत्र नविकरण | नवीकरण निवेदन, अनुमति पत्रको प्रतिलिपि, गत आ.व. को करचुक्ताको कागजात, तथा वार्षिक बीउको कारोबारको विवरण | रु. २००/- र तोकिए अनुसारको जरिवाना | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| ८ | खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस | निवेदन, व्यवसाय दर्ता, PAN/VAT दर्ता, गत आ.व. को करचुक्ताको कागजात तथा विषादी निरीक्षणबाट प्रमाणित चेकलिष्ट | निःशुल्क | बढीमा ३ दिन | विशेषज्ञ सेवा शाखा |
| ९ | कृषि उद्यम/व्यवसाय विकास तथा मुल्य श्रृखंला विकास परामर्श | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कृषि तथ्यांक सम्बन्धी जानकारी, पाक्षिक खुद्रा तथा थोक मुल्य सम्बन्धी जानकारी | जानकारीको प्रकृति अनुसार लिखित तथा मौखिक | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |
| ११ | सामान्य प्रयोगशाला सेवा/सहजीकरण | कार्यालयको माग अनुसार | निःशुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार/माग अनुसार | विशेषज्ञ सेवा शाखा |
| १२ | आर्थिक महत्वका कृषि जैविक विविधताको पहिचान, संरक्षण तथा उपयोगमा सहयोग/सहजीकरण | माग अनुसार | निःशुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार | विशेषज्ञ सेवा शाखा/अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १३ | अध्ययन तथा परिक्षणका लागि प्राविधिक सहयोग | लिखित निवेदन | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १४ | दैनिक प्रशासनिक सेवा तथा सोधपुछ | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | प्रशासन शाखा |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान, निशुल्क, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र जारी गरे वापत रु. ५००/- लाग्ने, बढीमा ७ दिन भित्र ।
बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र म्याद सकिनु भन्दा १५ दिन अगावै निवेदन दिएमा नवीकरण गरे वापत रु. २००/- लाग्ने र म्याद गुज्रेको ३ महिना सम्म मनासिव कारण देखाई निवेदन दिएमा थप रु. २००/- जरिवाना लाग्ने, सम्भव भए सम्म छिटो । खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस, निशुल्क, बढीमा ३ दिन भित्र ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार

कार्यालय संचालन सम्बन्धी निर्णय प्रचलित नियमको अधिनमा रहि कार्यालय प्रमुखबाट वा आवश्यकता अनुसार कार्यालय बैठक, खरिद इकाई वा मुल्यांकन समिति मार्फत ।
कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक / आर्थिक सहयोग सम्बन्धी निर्णय जिल्लास्तरीय कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधिले निर्दिष्ट गरेको जिल्लास्तरीय कार्यक्रम व्यवस्थापन समिति मार्फत ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

गुनासो सुन्ने अधिकारी डा.विनोद घिमिरे ,प्रमुख,कृषि ज्ञान केन्द्र बाँके

## ८. आ.व मा संचालित नविन तथा अनुकरणीय कार्यक्रमहरुको उपलब्धि

| क्रियाकलापको नाम | उपलब्धी |
|---|---|
| सेवा प्रवाह तथा सुशासन | जेन जेड आन्दोलनका क्रममा कार्यालयमा क्षति भएता पनि कार्यालय र स्थानीय समेतको सहयोगमा आगो निभाई कार्यालयको सेवा प्रवाह नरोकिएको। जिल्लाका करिव १४.५ प्रतिशत कृषक घरधुरिलाई विभिन्न माध्ययमबाट सेवा प्रवाह गरिएको। सुशासनका सबै जसो सुचकहरु अवलम्बन गरिएको। |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

| | |
|---|---|
| एकिकृत कृषि/सिचाई विकास कार्यक्रम र सिंचित क्षेत्र लक्षित सघन बाली विकास कार्यक्रम<br>सिंचाई सहित कृषि विकास कार्यक्रम | सिचाई कार्यालयसँगको समन्वयमा करिब ७० हे क्षेत्रफलमा मकैबाली विस्तार गरिएकोमा थप १०० हे का लागी सम्भाब्यता अध्यन गरिएको।<br>सिंचाई सहित कृषि विकास कार्यक्रम तर्फ २७ योजना सम्पन्न भई थप ६४.५ हेक्टरमा सिंचाई सुविधा विस्तर गरिएको। |
| व्यावसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | जिल्लाका विभिन्न कृषि बालीवस्तुको व्यवसायिक खेती गर्ने ५० कृषि फर्मलाई विज्ञसहितको प्राविधिक सेवा उपलब्ध गराइएको। सबै फर्मको आधारभुत तथ्यांक संकलन गरिएकोले आगामी बर्षहरुमा प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सहज हुने। |
| महिला वालवालिका लक्षित पोषण सुधार कार्यक्रम तथा महिला लक्षित किट वितरण | महिला तथा बालबालिका लक्षित गरी पोषण सुधारका लागि स्वास्थ्य कार्यालय र स्थानीय तहको समन्वयमा १,३२० घरधुरीमा ताजा र पोषणयुक्त तरकारीको उपलब्धताको लागि पोषण किट र महिला लक्षित ११९५ सिड किट गरी जम्मा २५१५ किट वितरण गरिएको। |
| लक्षित समूदाय बिशेष आयआर्जन कार्यक्रम | महिला,दलित,बादि, पासी, मूक्त कमैया समुदायका ८८ सिमान्तकृत कृषकहरुलाई कृषि सामाग्री उपलब्ध गराईएकोले कृषिमा पहुँच र सहभागिता वृद्धि भएको। |

### ९. प्रमुख र सूचना अधिकारीको विवरण

- प्रमुख डा. विनोद घिमिरे, वरिष्ठ कृषि अर्थ विज्ञ (अधिकृतस्तर दशौं)
- सूचना अधिकारी श्री सुजिता शर्मा, वरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर आठौं)

### १०. ऐन, नियम, विनियम, निर्देशिकाको सुची

सूचनाको हक सम्बन्धि ऐन, २०६४
सूचनाको हक सम्बन्धी नियमावली, २०६५
बीउ विजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०८२
सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९
कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
बीउ विजन एन, २०४५ तथा बीउ विजन नियमावली
जीवनाशक विषादी एन २०७६

### ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण ( बजेट रु. हजारमा)

**प्रदेश अन्तर्गतका कार्यक्रमहरुको**

| बजेट उपशीर्षक | वार्षिक विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | |
| साधारण | १९४५५ | ९३० | २०३८५ | १४०३१.९१ | ६५६.१९ | १४६८८.१ | ७२.१२ | ७०.५५ | ७२.०५ | ८५.७ |
| कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | १७५५७ | ०.० | १७५५७ | ७५१८.२६ | ० | ७५१८.२६ | ४२.८१ | ० | ४२.८२ | ७८.१ |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सहकारी तथा गरिबी निवारण कार्यक्रम | ९५० | ०.० | ९५० | २३८.९० | ० | २३८.९० | २५.१४ | ० | २५.१४ | २५.२ |
| जम्मा | ३७९६२ | ९३० | ३८८९२ | २१७८९.०७ | ६५६.१९ | २२४४५.२६ | ५७.३९ | ७०.५५ | ५७.७१ | ८२.२ |

संघ सशर्त अन्तर्गतका कार्यक्रमहरुको

| बजेट उपशीर्षक | वार्षिक विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम | २५०५ | ०.० | २५०५ | ० | ० | ० | ० | ० | ० | ० |
| कृषि विभाग(संघ शसर्त अनुदान) | ३४०० | ०.० | ३४०० | ८१२.६१ | ० | ८१२.६१ | २३.९० | ० | २३.९० | ७०.२ |
| कुल जम्मा | ५९०५ | ० | ५९०५ | ८१२.६१ | ० | ८१२.६१ | १३.७६ | ० | १३.७६ | ७०.२ |

कूल विनियोजित बजेट तथा खर्च विवरण

| क्र.सं. | वार्षिक विनियोजित बजेट (रु. हजारमा) | हाल सम्मको खर्च रकम (रु. हजारमा) | खर्च प्रतिशत वार्षिक तुलनामा (वित्तिय प्रगति प्रतिशत) | एकमुष्ठ भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ४४७९७ | २३२५७.८७ | ५१.९१ | ७९.२५ |

राजश्व विवरण

| क.सं. | राजश्वको किसिम | रकम रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ३०.२ | |
| २ | १५१११- बेरुजु | ० | |
| जम्मा | | ३०.२ | |

## १२. संचालित कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | प्रगति अवस्था |
|---|---|---|
| १ | बीउ आत्मनिर्भर कार्यक्रम | ०.८ हेक्टर क्षेत्रफलमा राज्माको पि डि आर जातमा बीउ उत्पादन गरी १.४ मे.ट बीउ उत्पादन भएको । |
| २ | माटो व्यवस्थापन कार्यक्रम | १०० जना कृषकमा माटोको स्वास्थ्य,उर्वराशक्ति तथा दिगो माटोको व्यवस्थापन सम्बन्धी ज्ञान,सीप र सचेतनामा वृद्धि । |
| ३ | सिचित क्षेत्र लक्षित बाली सघनता बृद्धि कार्यक्रम | ४ वटा स्थलगत तालिम,५६ हेक्टरमा बसन्ते मकै खेति विस्तारका भई ३७४ जना कृषक लाभान्वित । |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

| | | |
|---|---|---|
| | एकिकृत कृषि/सिचाई विकास कार्यक्रम | १० हेक्टर क्षेत्रफलमा बसन्ते मकै खेति प्रवर्द्धन भई ४८ मे.टन उत्पादन भएको जसबाट १०४ जना कृषक घरपरिवार लाभान्वित |
| | लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम | मुक्त कमैया र मुक्त कम्लहरीका ८८ घरधुरीलाई स्प्रे टंकी, त्रिपाल,हजारी,कुटो आदि कृषि सामाग्रीहरु उपलब्ध गराइएको । |
| ६ | स्वच्छ र स्वस्थ उत्पादनका लागि सचेतना कार्यक्रम | ५६ जना विद्यार्थीहरुलाई स्कुल सचेतना कार्यक्रम, २७ जना एग्रोभेट संचालकहरुलाई ३ दिने पुनर्ताजगी तालिम संचालन गरिएको, ५७ वटा सरकारी कार्यालयहरुलाई सचेतना कार्यक्रम तथा १००० वटा सन्देशमुलक लिफलेट छपाई तथा वितरण |
| ७ | एकिकृत कृषि सिंचाई विकास कार्यक्रम सम्भाव्यता अध्ययन | आगमी बर्ष थप १०० हेक्टरमा कार्यक्रम क्षेत्र विस्तार गर्न सकिने सम्भावना रहेको। |
| ८ | कृषक प्राविधिक भेटघाट कार्यक्रम | ८ वटै पालिकाका कृषक समुदाय बीच पुगेर समस्या, समस्याका कारण र कृषि ज्ञान केन्द्रबाट राखेको अपेक्षाको बारेमा अन्तरक्रिया सम्पन्न गरिएको |
| ९ | सिचाई सहित कृषि विकास कार्यक्रम | कार्यक्रमबाट ८४ घरधुरी प्रत्यक्ष लाभान्वित भई थप ६४.५ हेक्टर क्षेत्रफलमा सिचाई विस्तार भएको । |
| १० | व्यवसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | ५० वटा व्यवसायिक फर्ममा प्राविधिक तथा वीज्ञ सेवा उपलब्ध गराएको । |
| ११ | स्कूल हर्टिकल्चर कार्यक्रम | .५ हेक्टर आँप वगैचा व्यवस्थापन तथा वगैचामा थोपा सिचाई प्रणाली जडान। थप २ हेक्टर क्षेत्रफलमा विस्तार गर्न सकिने।<br>विधालयलाई Agriculture Learning center को रुपमा विकास गर्ने विधालयको भावि रणनीति |
| १२ | महिला तथा वालवालिका लक्षित पोषण सुधार कार्यक्रम | स्थानिय तहका स्वास्थ शाखाको समन्वयमा १३२० जना महिला तथा,वालवालिकाहरुलाई पोषण सुधारका लागि तरकारी कम्पोजिट मिनिकिट वितरण (जिल्लाभर) |
| १३ | महिला लक्षित उन्नत किट वितरण कार्यक्रम | महिलाहरूको पोषण सुधार तथा आयआर्जन वृद्धि भई आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने जिल्लाभर |
| १४ | पकेट क्षेत्र विशेष स्वस्थ्य कृषि उत्पादन कार्यक्रम | करिब १० हे तरकारी पकेट क्षेत्रलाई स्वस्थ्य कृषि उत्पादनको क्षेत्रका रुपमा विकास गर्न सहयोग। |
| १५ | महिला कृषक समूह मार्फत आलू/तरकारी प्रवर्द्धन कार्यक्रम | खजुरा गा.पा १ का तरकारी खेति गर्ने ज्योति आयआर्जन महिला कृषक समूहका २४ महिला लाभान्वित ।थप सिंचाईका लागि भूमिगत सिंचाई कार्यालयले कार्य गरिरहेको। |
| १६ | कृषि यन्त्र मर्मत संभार कार्यशाला | कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धी व्यवहारिक रुपमा कृषकहरुलाई सिकाई सामान्य समस्याहरु निदान गर्न सक्ने गरी दक्ष बनाइएको। यस कार्यक्रमको माग धेरै रहेको छ। |
| १७ | घुम्ती शिविर | वैजनाथ गा.पा,रासि सोनारी र जानकि गा.पा मा ४ वटा शिविर संचालन भई ११२ घरधुरी सेवा बाट लाभान्वित । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १८ | नार्कसँगको सहकार्यमा Farmer Field Day कार्यक्रम | राष्ट्रिय गँहू बाली अनुसन्धान कार्यक्रम भैरहवामा १४ जना गँहूको बीउ उत्पादक तथा व्यवसायिक कृषकलाई अवलोकन भ्रमण लगी कृषक, अनुसन्धानकर्ता तथा प्राविधिकबीच अनुभव आदानप्रदान गर्ने वातावरण सिर्जना भएको |

## १३. सार्वजनिक निकायको वेबसाईट

रेडियो, टिभी तथा पत्र-पत्रिका मार्फत विषादीको उचित प्रयोग तथा विषादीबाट हुन सक्ने हानी बारे जानकारीमुलक सन्देश प्रशारण गरिएको ५ जना ना.प्रा.स. कर्मचारीहरु कार्यरत रहेको र कृषि विकास कार्यक्रमको स्थलगत प्रमाणीकरण, कार्य सम्पन्न अनुगमन तथा तथ्यांक संकलनमा सहयोग गरिरहेको । यस कृषि ज्ञान केन्द्र, बाँकेको वेबसाईट akcbanke.lumbini.gov.np रहेको छ ।

## १४. वैदेशिक ऋण / अनुदान / सहयोग

नरहेको ।

## १५. सूचनाको वर्गीकरण

सबै सूचना खुल्ला रहेको ।

## १७. सूचनाको माग सम्बन्धी निवेदन

प्राप्त नभएको ।

## १८. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

कार्यालयको वार्षिक प्रगति पुस्तिका तथा कार्यालयको वेबसाइट ।

तयार गर्ने
सुजिता शर्मा
बरिष्ठ कृषि प्रसार अधिकृत /सूचना अधिकारी
कृषि ज्ञान केन्द्र,बाँके

प्रमाणित गर्ने
डा.विनोद घिमिरे
प्रमुख
कृषि ज्ञान केन्द्र,बाँके